# दलित तथा मुसहर समुदायको प्रवर्द्धनका लागि स्थानीय सरकारमा लैङ्गिकमैत्री सुशासन अभिवृद्धिः

## नीतिगत अवधारणा पत्र

DRAFT

अन्डेफको सहयोगमा साप-नेपाल द्वारा संचालित
नेपालमा लैगिंक उत्तरदायी सुशासन प्रवर्द्धन कार्यक्रम अन्तगत स्थानिय सरकार र नेपाल
राष्ट्रिय मुसहर संघको सहयोग र समन्वयमा तयार पारिएको ड्राफ्ट नितिगत अवधारणा पत्र

SAP - NEPAL

१ पृष्ठभुमिः

नेपाल एक बहुभाषीक, बहूजातिय, बहू धार्मिक र भौगोलिक विविधताले भरिपूर्ण देश हो । नेपालको जनगणना सन् २०२१ अनुसार नेपालमा १२५ जातजाती, ६० जनजाती र १३७ भाषाभाषी रहेको देखिन्छ । नेपालको इतिहासको विभिन्न कालखण्डमा राजनीतिक र सामाजिक रुपान्तरणका प्रयासहरु हुँदै आएता पनि सबै जातजाति, धर्म, वर्ण, क्षेत्र, सम्प्रदायका मानिसले समान हक अधिकार र सामाजिक न्याय पाउन सकेको अवस्था छैन । समान हक अधिकार र सामाजिक न्याय पाउन नसकेको एउटा समुदाय तराईको मुसहर पनि हो । राज्य व्यवस्थामा आमूल परिबर्तन हुँदा पनि मुसहर समुदाय को आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक स्थिती नाजुक देखिन्छ अर्थात धार्मिक रुपमा बहिस्कृत, सामाजिक रुपमा अपहेलित, शैक्षिक र आर्थिक रुपमा वञ्चित, राजनीतिक रुपमा उपेक्षित देखिन्छ । त्यसैले २१औं शताब्दीमा पनि मुसहर समुदाय का उल्लेख्य व्यक्तिहरु घरबार विहिन, नागरिकता विहिन, जग्गा विहिन हुनुको साथसाथै आफ्नै देशमा पुस्तौंदेखी बसोबास गरे पनि राज्यविहिनको अवस्था भोग्नु परिरहेको छ ।

२. **जनसंख्या** : सन् २०११को जनगणना अनुसार नेपालमा मुसहर समुदायको कुल जनसंख्या २,३४,४९० रहेको छ जुन कुल जनसंख्याको ०.८ प्रतिशत हो । सर्लाही जिल्लामा मात्रै १४,१३७ मुसहरको जनसंख्या रहेको देखिन्छ । तर नेपाल राष्ट्रिय मुसहर संघ लगायत मुसहर अगुवाहरुले १२ लाख रहेको दाबी गर्दै आईरहेका छन् । जस्का विभिन्न आधारहरु मध्ये नेपालमा मुसहर समुदायले प्रयोग गर्ने सादा, सदा, माझी, रिषि लगायतका थरहरु अन्य जातिले पनि प्रयोग गर्ने भएको, प्रवासी मजदुर भएको र नागरिकता नहुनु आदी हुन । नेपालको ७७ जिल्लाहरु मध्ये तराई र तराईसंग जोडिएका करिब ३४ जिल्लामा मुसहर समुदायले बसोवास गरेको देखिन्छ । मुसहर समुदायको मुख्य बसोवास झापा, मोरङ्ग, सुनसरी, उदयपुर, सप्तरी, सिरहा, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, रौटहट, बारा, पर्सा, नवलपरासी, रुपन्देही जिल्लामा देखिन्छ । सर्लाही जिल्लाका रहेका दलित समुदाय मुसहर, डोम, चमार मुख्य हुन् ।

सिबीएस २०११ का अनुसार ९९.४% मुसहर भुमिहिन छन्, मानव विकास सुचकाङ्कमा १३० जाति मध्ये १२९ स्थानमा पर्छ, शिक्षा विकास सुचकाङ्कको ९७औ स्थान मध्ये ९६ सुचीमा रहेको छ, आर्थिक विकासमा गरिबी र स्टाण्डर्ड अफ लिभिङ्गको अन्तिम स्थानमा रहेको मुसहर समुदायको कूल साक्षरता ६.९% रहेको छ, झन मुसहर महिलाको साक्षरता १% भन्दा पनि कम छ ।

३. **शैक्षिक अवस्था** : २०६८ सालको राष्ट्रिय शिक्षा सुचकांकको आधारमा करिव ६.९% मुसहर साक्षर देखिन्छ भने करिव १% मुसहर महिला साक्षर भएको देखिन्छ । मुसहर समुदायका अधिकाँस

SAP-NEPAL

DRAFT

वालवालिकाहरु बिद्यालय जानबाट बन्चित छन् । किनभने गरीवीले गर्दा परीवारका सबै सदस्यहरु बालबालिका सहित चिम्नी भट्टामा वा अन्यत्र ज्याला मजदुरी गर्न जाने गर्छन् । वावु आमाको नागरिकता नहुँदा बालबालिकाले जन्मदर्ता प्रमाणपत्र नपाउँदा सरकारी विद्यालयमा भर्ना हुन पाउँदैनन् निजि बिद्यालयमा पढ्न उनिहरुको आर्थिक हैसियतले पुग्दैन । केहि मुसहर बालबालिकाहरु विद्यालयमा भर्ना भएता पनि भर्ना भएका मध्ये  करिव १० प्रतिशत मात्र विद्यालयमा नियमित हुन्छन् । एउटा तथ्यांकले देखाए अनुसार मुसहरमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशतः ५ - ९ वर्ष ३.२%  (प्राथमिक उमेर समूह) र ५ - १२ बर्ष ९% (आधारभूत तह अर्थात कक्षा १ देखि ८ सम्म) रहेको देखिन्छ । त्यस्तै विद्यालयबाट बाहिरिनेको प्रतिशत : क) कक्षा १ देखि ५ सम्म नपुग्दै ७० प्रतिशत, ख) कक्षा ६ देखि ८ सम्म नपुग्दै थप २०%, ग) एस.ई.ई. परीक्षा सम्म नपुग्दै बाँकी रहेको ९ प्रतिशत, घ) मुस्किलले १ प्रतिशत मात्रै एस.ई.ई. पास हुने गर्छन् ।

स्ट्रीट चाईल्डले १० देखी १९ बर्षका ५६३ किशोरीहरुमा गरिएको मापनमा २३% किशोरी कहिल्यै पनि विद्यालय नगएको, विद्यालय गए पनि ६२% किशोरीहरुलाई गणितीय ज्ञान नरहेको उल्लेख छ । त्यस्तै युनिसेफले २०१६ को जुलाईमा सार्वजनिक गरेको ग्लोवल इनीसेटिभ अन आउट अफ स्कूल अध्ययन रिर्पोट अनुसार दोस्रो सबै भन्दा बढी ५१.३% विद्यालय भन्दा बाहिर मुसहर बालबालिका रहेका छन् ।

नेपाल भरीको मुसहर समुदायबाट उच्च शिक्षा हासिल गरेका करिब ९०० जना भन्दा कम रहेका छन् । स्नातक तह हासिल गरेका ५० जना भन्दा पनि कम छन्, त्यस्तै स्नातकोत्तर तह हासिल गरेका जम्मा ५ जना रहेको छन् भने विध्यावारीधि अध्यनरत एक जना रहेका छन् ।

४. **आर्थिक अवस्था** : तराइमा बसोवास गर्ने मुसहरहरुको मूख्य पेशा कृषिमा आधारित मजदुरी हो । सो बाहेक नेपालका विभिन्न ईंटा भट्टा र भारतको विभिन्न भागमा गएर श्रमीकको काम गर्ने गरेको देखिन्छ । कोहि कोहिले शहर बजार तिर रिक्सा चलाउने, ठेला ठेल्ने, कुल्ली आदि काम गरेको पनि देखिन्छ । धेरै जसो कृषि मजदूरको रुपमा भारतको पंजाव लगायतका सहरहरुमा जानेसामान्यतय मुसहर समुदायले दिनभरी काम गरे बापत २०० देखि ३०० रुपैया पाउँछ जसले परिवारलाई पाल्न एकदमै गाह्रो हुन्छ । आधारभूत आवश्यकता परिपूर्ती र अन्य सामाजिक कामकोलागि साहुसित ऋण लिनुपर्ने अवस्था आउछ र उक्त ऋणको साँवा सहित चर्को ब्याज तिर्नुपर्ने अवस्थाले गर्दा एक पुस्ताले चुक्ता गर्न नसकेको ऋण अर्को पुस्ताले तिर्नुपर्ने अवस्था आउँछ ।

हालका दिनहरुमा कोहि कोहि ऋणलिई बैदेशिक रोजगारीमा पनि गएको देखिन्छ । यसरी बैदेशिक रोजगारीमा जाने अधिकांस युवाहरु चर्को ऋणमा डुबेको देखिन्छ । समग्रमा हेर्दा मुसहर समुदायका अधिकांस ब्यक्तिहरुमा चरम गरिबीले गर्दा आधारभूत आवश्यकताको परिपूर्ती समेत हुन सकि रहेको अवस्था छैन ।

५. **सामाजिक अवस्था :** तराईका अधिकांश मुसहर समुदायको बासस्थल अन्य जातजातीको छेउछाउमा रहेको पाइन्छ । जहां उच्च जातजातीका कहलिएकाहरुको पनि उल्लेख्य बसोवास रहेको पाइन्छ । उच्च र निच जातको सोचले गर्दा सामाजिक विभेदका घटनाहरु (जस्तै मठ, मन्दिर, सार्वजनिक धारा-कुवा,

भोजभतेर आदिमा जानबाट बञ्चित) उल्लेख्य रुपमा भइ रहेका हुन्छन। सरसर्ति हेर्दा मुसहर समुदायका अधीकांस व्यक्तिहरुले अपमानित र अमर्यादित जीवन विताउनु परेको देखिन्छ ।

६. **राजनीतिक अवस्था :** मुसहर समुदायमा हालसम्म पनि राजनीतिक चेतनाको अभाव देखिन्छ । यो समुदायका व्यक्तिहरु कुनै पनि राजनीतिक दलको केन्द्रिय स्तरमा पुगेको देखिंदैन । देशमा लोकतन्त्रको स्थापनाको शिलशिलामा समावेशीको मुद्दामा मधेसमा आन्दोलन हुदाँ मुसहर समुदायको ५ जनाले ज्यान गुमाउनु परेको थियो भने सयौको संख्यामा घाइते भएका थिए । राजनीतिक पहुँचको हिसाबले हेर्ने हो भने २०६३ को अन्तरिम विधायिकामा मुसहर समुदायबाट एक जना प्रतिनिधि थिए भने २०७० को दोस्रो संविधान सभा निर्वाचनमा मुसहर समुदायको प्रतिनिधीत्वनै भएन । त्यस्तै २०७४ सालको स्थानीय निर्वाचनमा मुसहर समुदायबाट देशभरिमा दुई जना वडा अध्यक्षमा निर्वाचित भएका छन् । स्थानीय तहको निर्वाचनमा मधेसी दलितको कोटाबाट १ हजार ५ सय ५४ जना निर्वाचित भएका मध्ये २१५ जनामात्र मुसहर समुदायका छन् । प्रदेश सभा तर्फ ५५० सदस्य मध्ये मुसहर समुदायबाट १ जना द्वन्द्व पीडित प्रभावित क्षेत्रबाट परेको देखिन्छ । कूल २ लाख ३४ हजार ४९० जनसंख्या भएको मुसहर समुदायको राष्ट्रिय र प्रतिनिधिसभामा प्रतिनिधीत्व देखिंदैन ।

**७. साँस्कृतिक अवस्था :** मुसहर समुदायले विभिन्न चाडपर्व जितिया, चौठीचन्द, कृष्ण अष्ठमी, दशैं, दिपावली, छठ, माघे संक्रान्ति, होली, राम नवमी, नयाँ वर्ष, रक्षा बन्धन जस्ता हिन्दु परम्परा मनाउने गरेका छन् । मुसहर समुदायले नियमित रुपमा दिनाभद्री मेला महोत्सब मनाउने गरेको छ । मुसहरका बाल बालिका जन्मँदै माटोमै हुर्किने, जाडो, गर्मी, बर्षामा अकाश मुनि नाङ्गै शरिर आमाबुबा भएर पनि अनाथ जस्तै लड्दै हुर्केका हुन्छन् जस्ले गर्दा मुसहरलाई भुमिपुत्र पनि भन्ने गरिएको छ । साँस्कृतिक रुढीवादीका कारण मुसहर समुदाय ५६ करोड देवी देवतालाई खुसी तुल्याउन विभिन्न चाडपर्व मनाउन लागिपरेर ज्याननै जोखिममा पार्ने, ऋणको चपेटा पर्ने मात्र होइन चर्को व्याजको मारमा समेत पर्ने गरेको छ । सामाजिक रितिरीवाजलाई बचाउन कम उमेरमा बालविवाह गरी स्वास्थ्य, शारीरिक, मानसिक रुपले जोखिमपूर्ण जीवन विताउने तथा त्यसलाई साँस्कृतिक संरक्षण दिने गर्दा उनीहरु गरिबीको मारमा पर्ने मात्र हैन् देवी देवताको भाकल पूरा गर्न घर पूजा, गोहाइर, बैठकी, भगवान पूजामा समेत अत्यधिक खर्चका कारण ऋणको भार बढेको र यसरी सँस्कृतिको नकारात्मक प्रभाव परेको देखिन्छ ।

मुसहर समुदायलाई दलित नाम दिए पनि मुसहर आदिवासी हो जो अहिले पनि प्रकृतिको पुजापाठ गर्ने, संगठित भएर एकै ठाउमाँ बस्ने, अनुहार, पहिरन लगायत दिनाभद्रीको गाथाले पनि यथेष्ठ प्रमाण दिन्छ

८. **भु-स्वामित्व र सुकुमबासीको अवस्था :** २०५२ सालको मन्त्रिपरिषद् बैठकले बनाएको परिभाषा अनुसार "सुकुम्बासी भन्नाले जीविकाकालागि कुनै ठोस विकल्प नभएको, आफ्नो वा आफ्नो अंशियारको नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएका तथा घर जग्गा जोड्न सक्ने कुनै साधन, स्रोत नभएको भूमिहीन तथा निःसहाय (कृषि मजदुर, कमैया, हली, हरुवा, चरुवा आदि) व्यक्ति र दैवि प्रकोपवाट घर जग्गा विहीन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउंछ ।" भनिएकोले अधिकांश मुसहर समुदाय यो परिभाषा अन्तर्गत परेको छ ।



DRAFT

सिबीएस २०११ को तथ्यांक अनुसार मुसहर समुदायको कुल जनसंख्या २ लाख ३४ हजार ४९० मध्ये ७९% अथार्त् १ लाख ८५ हजारसँग अर्थात ७८.८९ प्रतिशतसंग आफनै स्वामित्वको जमिन छैन । अधिकांस मुसहर समुदाय गाउँको मूख्य बस्ती भन्दा पर पर्ति, ऐलानी र बँधुवा मजदुरको रुपमा काम गरेबापत जमिनदारले अस्थायी प्रयोजनकोलागि दिएको जग्गामा झुप्रो बनाएर संयुक्त परिवार रहेको पाउँछौ । मानव विकास सुचकाङ्कमा १३० जाति मध्ये १२९ स्थानमा पर्ने मुसहर समुदायको तराईको जिवन शैली अझै पनि अर्धदासीकै आभास दिने खालको छ ।

सर्लाही जिल्लाका अधिकांस मुसहर समुदाय ५०औं बर्ष देखी भूमिहिन सुकुम्बासी रुपमा छन् । भूमिहिन सुकुम्बासी तथा दलित लाइ जग्गा धनी प्रमाणपत्र उपलब्ध गराउने र व्यवस्थित बसोबास गराउने नेपाल सरकारको घोषित उद्देश्य र कार्यक्रम भएपनि मुसहर समुदायको सम्वन्धमा यो प्रभावकारी हुन सकेको छैन । मुसहर समुदायले आफनो भूमी सम्बन्धी अधिकारको सवाल एकातिर उत्थान गर्न सकि रहेका छैनन् भने अर्को तर्फ स्थानिय सरकार, जिल्ला प्रशासन कार्यायल र राष्ट्रिय भूमी आयोगले समेत प्रभावकारी भूमीका खेल्न सकिरहेको छैन । सरकारले पटक पटक गठन गरेको सुकुम्बासी आयोगमा पनि अहिले सम्म मुसहरको सहभागिता हुन सकेको छैन । भुमिसम्बन्धी समस्या समाधान आयोगको वार्षिक प्रतिवेदन २०७७ अनुसार प्रदेश २ का १३६ स्थानीय तह मध्ये १५ स्थानीय तहले मात्र लगत संकलन शुरु गरेका थिए ।

९. **व्यापार व्यवसाय :** सामाजिक विभेद, जातिय छुवाछुत र चरम आर्थिक अभावको कारण मुसहर समुदाय व्यापार व्यवसायमा सलग्न छैनन् । साथसाथै शिक्षा र शिपको अभावका कारण आर्थिक अन्य रोजगारीमाको अवसरबाट पनि बन्चित देखिन्छ । राज्यले गरिव तथा विपन्न बर्गलाई लच्छित गरेर प्रधान मन्त्रि स्वरोजगार कार्यक्रम, लघु उद्यम विकास कार्यक्रमहरु संचालनमा ल्याएपनि यस्ता कार्यक्रमबाट मुसहर समुदायले लाभ लिन सकेका छैनन् । बैंकिङ्ग कारोबारमा पनि मुसहरहरुको पहुँच नगन्ने मात्रामा मात्रै छ ।

१०. **जन्मदर्ता :** दलित एवं माझी मुसहर समुदायका धेरै वालवालिकाहरुको वावु आमाको नागरकिता नभएको कारण जन्मदर्ता भएको छैन भने जन्म दर्ता नभएको कारण सरकारी विद्यालयमा भर्ना हुन पाउँदैनन् । निजि बिद्यालयमा पढ्ने उनिहरुको आर्थिक हैसियतले पुग्दैन । जन्मदर्ता एउटा घटना भएको कारण नागरकिता नभए पनि स्थानीय निकायको सिफारीसमा जन्म दर्ता गराउनु पर्ने हो तर यसमा स्थानीय निकायले चासो दिने गरेको छैन ।

११. **नागरीकता विहिनताको अवस्थाः** कुल जनसंख्या मध्ये आधा भन्दा बढि मुसहर समुदाय नागरीकता बिहिन छन्, केहिको मात्र वंसजको नागरिकता छ भने केहीको जन्मसिद्ध नागरीकता छ । धेरैको नागरीकता नभएको कारण पठनपाठन, रोजगारी र सरकारी सेवा सुबिधाबाट बन्चीत हुनु परेको छ । साथै जेष्ठ नागरिकहरु सरकारवाट पाउने सेवा सुविधाबाट बन्चित हुन परेको छ । नेपालमा पुस्तौं पुस्ता देखि बसोबास गर्ने मुसहर समुदायको करिव ६५% भन्दा बढीको नागरिकता छैन । त्यसमा पनि करिव ८०% भन्दा वढी मुसहर महिलाहरुको नागरिकता छैन ।

नागरिकता नहुनुको मुख्य कारणहरु :

SAP-NEPAL

- शिक्षित नभएकोले नागरिकताको महत्व बुझ्न नसकेको र बुझाउन पनि नसकेको ।
- काम गर्नको लागि निरन्तर एक ठाउँबाट अर्को ठाउँमा जानुपर्ने बाध्यता भएको ।
- सानो झुप्रो घर भएको, घरमा बाकस समेत नभएकोले कागजात व्यवस्थित सित राख्न नसकेको ।
- मुसहरहरुकोलागि नागरिकता बनाउने प्रकृया झन्झटिलो र खर्चिलो महशुस गरेको ।
- मुसहर समुदायलाई जिल्लाको सरदमुकाममा गई नागरिकता बनाउन गाह्रो, र खर्चिलो भएको ।
- मुसहरहरुले आर्थिक अवस्था कमजोर भएकोले साहुसंग ऋण लिँदा नागरिकता बन्धकी राख्नुपर्ने चलन भएको, छोराछोरीको नागरिकता समयमा बनाउन नसकेको ।
- मुसहर समुदायमा बाल विवाह अत्यधिक प्रचलनमा रहेकोले आमाबावुको उमेर नपुग्दै छोराछोरी जन्मिए पछि जन्मदर्ता गर्ने नगरेको ।

१२. **स्वास्थ्य अवस्था :** मुसहर समुदायमा स्वस्थ रहनको लागि अपनाउनु पर्ने जिवनशैलीबारेमा चेतनाको अभाव छ । साथै गरीवीको कारण पौष्टिक आहार तथा औषधी अपचारमा कमीले गर्दा अनेक थरीको रोगको सामना गर्नु पर्ने अवस्था छ । त्यसमा पनि अत्यधिक रक्सी खाने बानीले गर्दा पुरुषहरुमा कम उमेरमै अनेकन रोगहरु देखिने गरेका छन् । साथै बालविवाह र सानै उमेरमा आमा वन्न पर्ने अवस्था र धैरैवटा बालबच्चाहरु जन्माउदा प्रजनन र अन्य रोगहरुले सताउने गरेका छन् । यस्ले गर्दा मुसहर समुदायको औसत आयु पनि अरु समुदायको तुल्नामा कम छ ।स्थानीय स्वास्थ्य चौकीको सेवा प्रवाह पनि मुसहर समुदायको सन्दर्भमा सन्तोषजनक देखिँदैन । स्वास्थ परिक्षण विना औषधिको सेवन र विरामी पर्दा समेत औषधीको सेवन नगर्दा स्वास्थमा नकारात्मक प्रभाव पारेको देखिन्छ । स्वास्थ्य चौकीमा रहेको चिकित्सकले पनि मुसहर समुदायका व्यक्तिहरुको स्वास्थ्य चेकजाँचमा अरुची देखाएका पनि धेरै घटनाहरु छन् । अर्को तिर महिला स्वयम् सेविकाहरु मुसहर समुदायको पाईंदैन । स्वास्थ चौकीबाट दिइने नियमित सेवा जस्तै खोपसेवा, स्वास्थ परिक्षण, निशुल्क औषधी वितरण आदी बारे पनि अधिकांस मुसहरहरु अनभिज्ञ भएको पाइएको छ मुसहर समुदायको सहकार्यमा आमा समुह गठन भएको पाइँदैन ।

१३. **बालविवाह :** मुसहर समुदाय दलित जाति भित्र रहेको जातीहरु मध्ये सबै भन्दा गरिब, अशिक्षित, शोषणमा परेको जाति हो । नेपालमा बस्ने समुदायहरुको आ-आफनो संस्कृति, रितिरिवाज, परम्परा रहेको छ जस अनुरुप मुसहर समुदायको आफ्नो छुट्टै सांस्कृतिक, परम्परा र रितिरिवाज रहेको छ । मुसहर समुदायको बालबालिकाहरुको प्रायजसो सानै उमेरमा विवाह हुने गरेको छ । नेपाल सरकारले विवाह गर्ने उमेर बीस वर्ष तोके पनि मुसहर समुदायको बालवालिकाको विवाह त्यो भन्दा कम उमेरमै गरिदिने चलन छ । ९५% भन्दा बढी मुसहर बालिकाको सानै उमेरमा विवाह गरिदिने गर्छन् भने ५०% भन्दा बढी मुसहर बालकको सानै उमेरमा विवाह गरिदिने गरिन्छ । मुसहर समुदायमा सानै उमेरमा विवाह गर्ने गरिन्छ भन्ने प्रमाण सर्लाही जिल्लाको बबरगंज गाविसमा रहेको करिब चार सय घरधुरीमा एक जनाको मात्र बीस वर्ष भन्दा माथिको उमेर पुगेपछि बिहे भएको र बाँकी सबै मुसहर बालबालिकाको विवाह बीस भन्दा कम उमेरमा भएकोबाट सिद्ध हुन्छ । मुसहर समुदायमा बालविवाह अत्यधिक हुनुका मुख्य कारणहरु :

- धेरै जसो मुसहर समुदाय अशिक्षित र चेतनशिल नभएको ।
- कतिपय सन्दर्भमा मुसहर समुदाय सदस्यहरुलाई आफ्नो तथा बालबच्चाको उमेर सम्म पनि थाहा नभएर सानै उमेरमा विवाह हुनेहरुको संख्या उल्लेख्य हुने गरेको ।
- बालविवाह र सानै उमेरमा बच्चा जन्माउँदा स्वास्थ्यमा असर गर्छ

DRAFT

भन्ने कुरा थाहा नभएर ।

- दुइ छाक टार्न दिनभरी अभिभावक अरुको खेतवारीमा काम गर्न जानुपर्ने भएकोले छोराछोरी सित कुनै घटना हुन सक्ने डरले सानै उमेरमा विवाह गरिदिने गरेको ।
- गरिविको कारणले पछि विहे गर्दा खर्च बढी लाग्न सक्ने तनावले गर्दा ।
- सामाजिक मूल्य मान्यतालाई छाडेर प्रेम विवाह गरी गईदिने डरले ।
- सानै उमेरमा विवाह नगरे समाजले तनाव दिने र बढी उमेर भए पछि विवाह गर्न गाह्रो हुने भएकोले।
- ढिलो विवाहहुंदा वढी दहेजलाग्ने डरले ।
- बाल विवाह सम्वन्धी कानूनको प्रभावकारी कार्यान्वयन नहुँदा ।

## १४. मुसहर महिलाको अवस्था

महिला परापूर्वकाल देखि नै अन्याय, दमन, शोषण र विभेदको सिकार हुँदै आएका छन् । जुन अहिलेपनि कुनै न कुनै स्वरुपमा देखिन्छ वा महशुस गर्न सकिन्छ । प्राय महिलाको समस्या एकै नासको भए पनि मुसहर महिलाको अवस्था अरु भन्दा पृथक छ । १% भन्दा कम शिक्षित मुसहर महिला समाज अस्तित्व हिन भएर बाँचिरहेका छन् । मुसहर महिलाहरु माथि शासन संचालन गर्ने व्यक्तिहरु र पूंजीपतिहरुको शोषण हुनुको साथै घरेलु तथा बाहिर हिंसाका पिडित छन् । श्रम शोषण र यौन हिंसाको कहालिलाग्दो अवस्था छ । मुसहर महिलाले पुरुष भन्दा बढी काम गरे पनि ज्याला चाहीँ पुरुष भन्दा कमै पाउँछन् । अन्य आयस्रोत नहुदा मुसहर महिलाहरुको आर्थिक अवस्था दयनिय छ । त्यसमा पनि मुसहर महिलाहरुको सकारी सेवा र सुविधामा पहुँचको अभाव छ । मुसहर महिलालाई प्राय जसो आफ्नो नाम र उमेर पनि थाहा हुँदैन किनभने उनीहरुको नाम र उमेर कहिल्यै प्रयोगमा आउँदैन् । मुसहर महिलाहरुको सरदर आयु ५५ देखि ६० बर्ष आकनल गरिएको छ जस्ले गर्दा वृद्ध भत्ता पाउने मुसहरहरुको संख्या निकै न्यून छ ।

## १५. मुसहर समुदायको घरको अवस्था

नेपालमा बसोबास गर्ने ९०% भन्दा बढी मुसहर समुदाय स-सानो झुप्रोमा बसिरहेको हुन्छन् । कृषी मजदुरी गरेर कमाएको दैनिक रु. ४००/५०० ले घर राम्रो घर निर्माण गर्न सकिने अबस्था छैन ।

१६. **बँधुवा मजदुरको अवस्था** : सर्लाहीमा बसोवास गर्ने मुसहर समुदाय पुस्तौंदेखि हरुवा-चरुवाको रुपमा काम गर्न बाध्य छन् । अहिले पनि जमिन्दारको घरमा हरुवा-चरुवा राख्ने प्रचलन कायमै छ । महाजनको वस्तुभाउ चराएर परिवारको पेट पाल्न वाध्य छन् । २०औं वर्षदेखि निरन्तर साहुको घरमा गएर काम गर्दा पनि ऋण चुक्ता नभई घरमा बँधुवाजस्तै भएर काम गर्नु पर्ने अवस्थापनि छन् ।

१७. **मिटर व्याज** : तराई मधेषको प्रमुख समस्या भनेको मिटर व्याज पनि एक हो । कमजोर आर्थिक अवस्था भएका सोझा साझा मुसहर माझि समुदायले स्थानीय साहु महाजनसंग ४ देखी ५ रुपैयाँ सम्म (४८ देखी ६० प्रतिसत व्याज दर)मा ऋण लिने गरेका छन् । अधिकांस निरक्षर मुसहर

DRAFT
SAP-NEPAL

समुदायलाई ऋण दिँदा झुक्याएर रकम बडाउने गरेको कारणले पनि उनीहरु ऋणबाट कहिल्यै मुक्त हुन पाएका छैनन् ।

## १८ मुसहर समुदायका मुख्या समस्याहरुः

### १८.१ राजनीतिक समस्या

- नागरिकता प्रमाणपत्रको अभाव
- मुसहरका मुद्दाहरूलाई पर्याप्त रूपमा सम्बोधन नहुनु
- स्थानीय सुशासन प्रकृयामामा मुसहर महिलाहरूको सहभागिताको अवस्था नगण्य रहनु
- आर्थिक, सामाजिक तथा राजनीतिक मुद्दाहरु उठान गर्न सक्ने क्षमताको अभाव
- चेतनाको कमीले गर्दा आफ्नो हक अधिकारको खोजी तथा माग गर्न नसकेको अवस्था

### १८.२ सामाजिक

- बालविवाह र कम उमेरमा गर्भधारण
- दाइजो प्रथा
- अन्धविश्वास
- अत्यधिक धुम्रपान तथा मध्यपान
- भेदभावपूर्ण समाजीकीकरण
- यौन दुर्व्यवहार र बेचबिखन
- वालश्रम एवं दुर्व्यवहार र उत्पीडन
- हानिकारक सामाजिक मान्यताहरू
- सामाजिक चाडपर्वमा तडकभडक देखासीकी
- तथाकथित दलित भनिने गरेकोले अन्य समुदायहरुबाट अपहेलित

### १८.३ आर्थिक

- चरम गरिवि (गाँस, वास, कपास जस्ता आधारभूत आवश्यकता परिपूर्तीको समस्या)
- घर तथा भूमिहीनता
- जग्गामा स्वामित्व वा प्रमाणपत्रको अभाव (५०औं बर्ष देखी अस्थाई आवासमा सुकुम्बासीको रुपमा रहनु परेको अवस्था)निरपेक्ष गरिबीको रेखामुनि रहेको
- व्यापक बेरोजगारी
- पारिवारिक जीविकोपार्जनका लागि बाँधिएका कृषि मजदुरहरूको

व्यापक प्रचलन

- बाल श्रमको व्यापक प्रचलन (दलित समुदायमा १९.९%) राष्ट्रिय १५.३०%
- ऋणको व्याजको अत्यधिक दर

**१८.४ शैक्षिक**

- विद्यालयमा वालवालिकाको भर्ना न्यून
- स्कुल छाड्नेको संख्या उच्च
- शिक्षाको चेतनास्तरमा कमी
- स्वास्थ्य
- आधारभूत स्वास्थ्य सुविधाहरूमा पहुँच नहुनु
- कमजोर प्रजनन् स्वास्थ्य
- प्रतिव्यक्ति सरदर आयू कम हुनु

**१८.५ मुसहर महिलाको चुनौती :**

- राजनीतिक पहुँचमा कमी
- शैक्षिक स्तरमा न्यून पहुँच र चेतनाको कमी
- भुमिहीन तथा आवास विहीन
- पोषणयुक्त खानाको अभावबाट कुपोषण
- राज्यबाट पाउने सेवा सुविधाबाट वञ्चित
- बाल विवाह, बहुविवाह र घरेलु हिंसा
- अत्यधिक मदिरा सेवन र धुम्रपान
- तीन पुस्ता सम्म नागरिकता नभएको
- रुढिवादी परम्परा, छुवाछुत
- उच्च व्याजदरमा ऋण लिन वाध्य

DRAFT

**१९. मुसहर समुदाय र महिला सशक्तिकरणका निम्ति नीतिगत सिफारिस :**

- नेपालको सविंधानमा व्यवस्था गरिएको जग्गा र अवास कार्यन्वयनमा ल्याउनुपर्ने, नागिरकता युक्त वडा बनाउन अभियान संचालन गर्नुपर्ने,
- कृषि मजदुर रहेका मुसहरलाई प्रत्यक्ष लाभ हुने योजना बजेट ल्याउनु पर्ने र कार्यन्वयन गनुपर्ने,
- निःशुल्क र अनिर्वाय उच्च शिक्षा दिनुपर्ने, डाक्टर, ईन्जिनियर अध्ययनकोलागि बेस तयार गर्न निःशुल्क आवासीय शिक्षाको व्यवस्था मिलाउनु पर्ने ।

- विश्व विद्यालय अनुदान आयोगले तयार गरेको मापदण्डमा परिवर्तन गरी सहजै मुसहर विद्यार्थी पुग्न सक्ने व्यवस्था गर्नुपर्ने,
- मुसहर माथि हुने छुवाछुत तथा भेदभाव, हत्या, हिंसा बन्द गर्न कडा कानूनको निर्माण र कार्यान्वयन गनुपर्ने,
- स्वास्थ्य कोषको स्थापना गरी निःशुल्क उपचारको व्यवस्था गर्नुपर्ने,
- राज्यको हरेक निकाय र अङ्गमा समावेशी समानुपातिकको हिसाबले अर्थपूर्ण सहभागिता गराउनुपर्ने,
- राजनीतिक पार्टीहरुले समावेशी समानुपातिकको सिद्धान्त लागु गरी मुसहर समुदायको सहभागिता गराउनुपर्ने
- दलित मुसहर समुदायको वाहुल्यता रहेका स्थानीय तहमा विकासका हरेक प्रक्रियामा मुसहर समुदायको सहभागिताको सुनिश्चितता गर्न स्थानीय निकायहरुले मुसहर उत्थान कार्यविधिहरु बनाएर मुसहर लक्षित कार्यक्रमहरु संचालन गर्नुपर्ने ।
- अति सिमान्तकृत एवं विपन्न मुसहर समुदायका युवाहरुको लागि एक घर एक रोजगारी तथा विभिन्न आयमुलक कार्यक्रम लागु गरेर आयआर्जन वृद्धि गर्नुपर्ने ।
- मुसहर समुदायको भाषा, धर्म, संस्कृतिको जगेर्नाको लागि स्थानीय सरकारले नीति बनाएर विशेष व्यवस्था गर्नुपर्ने ।
- मुसहर समुदाय र महिलाको नेतृत्व र क्षमता विकासका लागि महिला मुसहर सशक्तिकरण कार्यक्रम लागु गर्ने ।
- मुसहर समुदाय र महिलाको आयआर्जनका लागि पहिलो प्राथमिकतामा राखि कार्यान्वयन गर्नु पर्ने ।
- अल्पसंख्यक र सीमान्तिकृत मुसहर समुदायको लागि रोजगारी, आरक्षणको व्यवस्था गर्ने ।
- स्थानीय सरकार एवं सरोकारवाला निकायको लैङ्गिक उत्तरदायी सुशासन तथा सामाजिक जवाफदेहिता अभिवृद्धिका लागि मुसहर महिलामैत्री बजेट निर्माण र यसको कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐनमा विशेष व्यवस्था गर्ने ।
- विवाहको खर्च दिनप्रति दिन बढ्दै गएकोले आदर्श विवाह कायम गर्ने गरी महोत्तरीको गौशाला, धनुषाको जनकपुरधाम सवरीकुटी, सप्तरीको खड्क न.पा. ढोलबाजालाई विवाह मण्डपमा कायम गरी आदर्श विवाहको चलन ल्याउनु पर्ने
- मुसहर समुदायको समग्र परिवर्तनको लागि राज्यको मुलधारमा ल्याउन राज्यको विभिन्न सेवामा पहुँचको लागि साथै राजनीतिक क्षेत्रको तहगत रुपमा पहुँचका साथै शैक्षिक आर्थिक, सामाजिक, भौतिक लगायत दक्ष जनशक्ति तयार गरी देशीय अन्तरदेशीय बजारमा रोजगारको अवसर सृजना गरिनु पर्ने ।
- मुसहर समुदायको समग्र परिवर्तनको लागि बचत तथा ऋण नीति, जीवन विमा, सामुहिक खेती,

SAP-NEPAL

सामुहिक व्यवसाय, लगायत विभिन्न क्षेत्रहरुमा रोजगारको अवसरको सिर्जना गरिनु पर्ने

- मुसहर जाति बस्दै आईरहेको जग्गाको दर्ता मुसहर जातिको नाममा गराउने ।
- नेपालभरी बस्दै आईरहेको मुसहर जातिको नाममा कहिँ पनि जग्गा दर्ता नभएको पाईएकोले भुमिहिनहरुको तथ्यांङ्क पत्तालगाई बासकोलागि सरकारले विशेष व्यवस्था मिलाउनु पर्दछ ।
- मुसहरजातिको जब सम्म जीवन धान्न् कुनै ठोस व्यवस्था हुँदैन तब सम्मकोलागि मात्र सरकारले निःशुल्क बिजुली र खाने पानीको व्यवस्था गर्नु पर्दछ ।
- मुसहर जातिको मौलिक पेंशा अतिक्रमण भईसकेकोले जिविकोपार्जनको ठोस वैकल्पिक उपायहरुको खोजि गरी सरकारले विशेष व्यवस्था मिलाउनु पर्दछ ।
- मुसहर जातिको केटाकेटीलाई सरकारले निःशुल्क बास, गांस, कपासको व्यवस्था र छात्रवृत्ति सहित निःशुल्क उच्च प्राविधिक शिक्षा आर्जनको सुनिश्चिता तथा भौतिक र शैक्षिक सामाग्री समेतको व्यवस्था गर्नु पर्दछ ।
- मुसहर जातिको समुदायहरुलाई निःशुल्क स्थास्थ्य उपचारको व्यवस्था गरिनु पर्ने ।
- मुसहर समुदायको विद्यार्थी वर्गलाई आवत जावत सहज गर्न बस भाडा पूर्णरुपमा निःशुल्क हुनु पर्ने ।
- अति भोखमरीको चपेटामा परेका मुसहर जातिको निःशुल्क जीवन धान्न् राशन कार्ड तथा निःशुल्क स्थास्थ्य उपचारको समेत कार्डको व्यवस्था गरिनु पर्दछ ।
- मुसहर जातिको केटाकेटीहरु जो पाठशाला जान्छन् उनिहरुको किताब कापी स्कुल पोशाक, नास्ता र खानाको व्यवस्था उच्च शिक्षा हासिल गर्ने बेला सम्म उपलब्ध गराउनु पर्दछ ।
- मुसहर जातिको वृद्ध भत्ताको उमेर ५० बर्ष कायम गरिनु पर्दछ किनकी यो जातिको औषत आयु ४५ बर्ष मात्र रहेकोछ ।
- मुसहर जातिको समाजिक सुरंक्षाकोलागि विधुवा महिलालाई विधुवा हुंदाको वखत देखिनै विधुवा भत्ता उपलब्ध गराउनु पर्ने ।
- मुसहर समुदायलाई प्राविधिक शीप विकास र क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा निःशुल्क प्रवेश गराई आई.एल.ओ (ILO 169)को प्रावधान बमोजिम स्थानीय श्रोत र साधनहरु माथि मुसहर समुदायको नियन्त्रण हुनु पर्दछ ।
- कृषि मजदुरको रुपमा काम गरिरहेका मुसहरहरुलाई भूमि माथिको अधिकार सुनिश्चित गरि उनीहरुको दिगो जिविकोपार्जनको ग्यारेन्टी गरिनु पर्दछ ।
- हरुवा, चरुवा र बँधुवाकोरुपमा काम गरिरहेका मुसहरहरुलाई मूक्ति दिई बैकल्पिक व्यवसायको व्यवस्था मिलाउनु पर्दछ ।
- मुसहर जाति माथि गरिने छुवाछुत तथा अन्य अमानविय भेदभाव निर्मूल पार्न ठोस कानून बनाई व्यवहारमा लागु गर्न उचित कदम चाल्नु पर्दछ ।
- मुसहर समुदाय जग्गा विहिन र आर्थिक अवस्था कम्जोर समेत भएकोले विना धितो व्यवसायको

DRAFT

प्रकृति अनुसारको ऋण प्रवाह गर्नु पर्दछ ।

- मुसहर समुदायलाई ईतिहासकालदेखि राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक क्षेत्रमा राज्यद्वारा नै पछाडि पारिएकाले सकारात्मक विभेदको नीति, समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्तको आधारमा राज्यका सम्पूर्ण संरचना र तहमा समानुपातिक प्रतिनिधित्व सहित थप अधिकार प्राप्त गर्ने हकको व्यवस्था सुनिश्चित गर्नु पर्ने ।
- राष्ट्रिय दलित आयोगमा मुसहर समुदायको प्रतिनिधित्व सुनिश्चित गराउन पर्ने
- राष्टिय सभाको जम्मा सिट संख्यालाई हरेक समुदायको जनसंख्याको आधारमा वितरण गरिनु पर्ने र दलितकोलागि समानुपातिक प्रतिनिधित्वको व्यवस्था हुनु पर्ने ।
- जातिय भेदभाव तथा छुवाछुत निगरानी समिति लगायत दलित समुदायसंग सम्वन्धित बिषयगत समितिको समेत गठन गरिने व्यवस्था हुनु पर्ने ।
- विशेष संरचनाभित्रको स्वायत्त क्षेत्र, संरक्षित र विशेष क्षेत्रमा समेत दलित इकाई बन्ने स्पष्ट व्यवस्था गरिनुपर्ने र सोमा यो समुदायवाट कम्तिमा एक जाना हुनु पर्ने ।
- निजामती सेवा, सेना र प्रहरी लगायतका रोजगारीका अन्य क्षेत्रमा दलितको १५ प्रतिशत पूर्ण समानुपातिक र १० प्रतिशत थप प्रतिनिधित्वको छतिपूर्ति वापत विशेष व्यवस्था गर्नु पर्ने । जसमा यो समुदायवाट ७ प्रतिशतको कोटा सुनिश्चित गर्नु पर्ने ।
- प्रथा, परम्परा र प्रचलनको वा कुनै पनि किसिमले शोषण गर्ने पीडकलाई कठोर दण्ड तथा पीडितलाई उचित क्षतिपूर्तिकालागि विशेष कानूनको तर्जुमा गर्ने व्यवस्था हुनुपर्ने ।
- दलितहरुकोलागि स्तरिकरणको आधारमा कार्डको व्यवस्था हुनु पर्ने ।
- राज्यले दलितहरुको विकासकोलागि राष्ट्रिय बजेटको १० प्रतिशत छुट्याउनु पर्ने र साथै प्राकृतिक स्रोत र साधनमा पहुंच पुऱ्याउने र सवै तहको सरकारी बजेटमा समानुपातिक हिस्सा छुट्याउने व्यवस्था गर्नु पर्ने ।
- समावेशीको सिद्धान्त मात्रै नभनेर महिला, दलित, आदिवासी जनजाति, मधेशीको स्पष्ट उल्लेख हुनुपर्ने र हरेक तहका मन्त्रीहरुमा दलित समुदायको अनिवार्य  र समानुपातिक समावेशीताको व्यवस्था हुनु पर्ने ।
- उपल्लो सदनमा दलित समुदायको समानुपातिक हुने व्यवस्था गर्नु पर्ने ।
- संघिय, प्रान्तीय र स्थानीय निकायको निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अवलम्वन गर्नु पर्ने र साथै दलितहरुको हकमा दलित दलित बिचनै प्रतिशप्रर्धा हुने व्यवस्था कायम गराउनु पर्ने ।
- अल्पसंख्यक र सीमान्तीकृतको परिभाषा स्पष्ट हुनु पर्ने ।

DRAFT

SAP-NEPAL